# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७४/११/३० गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

--------------------------------------------------

आन्तरिक राजस्व कार्यालय भरतपुरमा कार्यरत प्रमुख कर अधिकृत टीकाराम भुसालले सार्वजनिक पदमा वहाल रहँदा पदको दुरुपयोग गरी गैरकानूनी रुपमा अकुत सम्पत्ति आर्जन गरेकोले निज उपर कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीको अनुसन्धानको क्रममा निज टिकाराम भुसालले सार्वजनिक पद धारण गरे पश्चात मिति २०७२ माघ मसान्तसम्मको जाँच अवधिका विभिन्न वर्षहरुमा निजले आफ्नो तथा आफ्ना परिवारका सदस्यहरुको नाममा खरिद एवं लगानी गरेको चल अचल सम्पत्तीहरुका सम्बन्धमा संकलित तथ्य प्रमाणहरु उपर छानविन एंव विश्लेषण गरी हेर्दा निजले जाँच अवधिमा रु.१,१९,८४,८२२।१९(एक करोड उन्नाइस लाख चौरासी हजार आठ सय वाइस रुपियाँ उन्नाइस पैसा) आय आर्जन गरेको देखियो भने सोही अवधिमा चल अचल सम्पत्ति सृजना एवं शेयर लगानी लगायतका शिर्षकहरुमा समेत गरी रु.२,७८,४८,४७९।८३(दुई करोड अठहत्तर लाख अठचालिस हजार चार सय उनानअसी रुपियाँ त्रियासी पैसा) खर्च गरेको देखिंदा वैध आय रु.१,१९,८४,८२२।१९(एक करोड उन्नाइस लाख चौरासी हजार आठ सय वाइस रुपियाँ उन्नाइस पैसा) को तुलनामा रु.१,५८,६३,६५७।६४(एक करोड अन्ठाउन्न लाख त्रिसठ्ठी हजार छ सय सन्ताउन्न रुपियाँ चौसठ्ठी पैसा) बराबरको सम्पत्तिको स्रोत नखुलेको पाइएबाट निजको सम्पत्ति विवरण अमिल्दो र अस्वभाविक देखिन आयो। निज टीकाराम भुसालको निज लगायत निजको श्रीमती तथा छोराछोरीहरुको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा मौज्दात देखिएको, बीमा लगायत विभिन्न कम्पनीहरुका शेयर खरिद तथा लगानी गरेको, जग्गा लगायतका चल अचल सम्पत्तिहरु खरिद गरेको देखिन आएको छ। वैध आयको तुलनामा स्रोत खुल्न नसकेको रु.१,५८,६३,६५७।६४(एक करोड अन्ठाउन्न लाख त्रिसठ्ठी हजार छ सय सन्ताउन्न रुपियाँ चौसठ्ठी पैसा) निजले राष्ट्रसेवक भए पश्चात के कस्तो स्रोतबाट सम्पत्ति आर्जन गरेको हो भन्ने कुराको स्रोत पुष्टी गर्न नसकेबाट गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको देखिन आएकोले निज टीकाराम भुसाल उपर बिगो रु.१,५८,६३,६५७।६४ (एक करोड अन्ठाउन्न लाख त्रिसठ्ठी हजार छ सय सन्ताउन्न रुपियाँ चौसठ्ठी पैसा) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ग, तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम जरिवाना र कैद सजाय हुन तथा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०

को उपदफा (२), र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्तिहरु जफत समेत गरी पाउन मागदावी लिई मिति २०७४/११/३० गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

यसका अतिरिक्त निज टीकाराम भुसालले सार्वजनिक सेवाको पदमा रहेर गैरकानूनी रुपमा आर्जन गरी, स्रोत पुष्टी हुन नसकेको सम्पत्तिहरू निजको श्रीमती मुनादेवी घिमिरेको नाममा राखेको तथा बढेबढाएको देखिएको हुँदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग) तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत गरी पाउन मागदाबी लिएको र सो चल अचल सम्पत्तिहरू जफत गर्ने प्रयोजनको लागि निज मुनादेवी घिमिरेलाई समेत प्रतिवादी कायम गरी मिति २०७४/११/३० गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता